**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 09.03.2026**

- **CM DACS**

डेन्जोङ कृषि सहकारी संस्था लिमिटेडले सिक्किम सरकारलाई पच्चीस लाख छब्बीस हजार रूपियाँको लाभांश चेक हस्तान्तरण गरेको छ। यो चेक आज संस्थाका प्रबन्ध निदेशक धीरज प्रधानले सरकारलाई प्रदान गर्नुभएको हो।

यसका निम्ति मुख्यमन्त्री प्रेमसिंह तामाङले संस्थानलाई बधाई दिनुभएको छ। उहाँले सरकारको तर्फबाट यो चेक ग्रहण गरेपछि भन्नुभएको छ, यो लाभांश संस्थाको प्रभावकारी व्यवस्थापन, सदस्यहरूको सामूहिक प्रयास र सहकारी आन्दोलन अनि कृषि विकासप्रतिको प्रतिबद्धताको परिणाम हो। श्री तामाङले संस्थाको नेतृत्व तथा सदस्यहरूले किसान र समुदायको हितका लागि पुऱ्याउँदै आएको योगदानको सराहना गर्दै आगामी दिनमा पनि निरन्तर सफलता हासिल गर्ने शुभकामना व्यक्त गर्नुभयो।

--------------------------------------X--------------------------------------

- **Pandemic Preparedness in Regard to Bird Flu**

सोरेङ जिल्लामा "एभियन इन्फ्लुएन्जा (बर्ड फ्लु)-को सम्भावित प्रकोपको सन्दर्भमा महामारी तयारी" विषय चारदिने आवासीय प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। पशुपालन तथा पशु चिकित्सा सेवा विभाग, सोरेङ जिल्लाले यो कार्यक्रम नाबार्ड र सिक्किम सरकारको सहयोगमा छहदेखि नौं मार्च आजसम्म आयोजन गरेको हो।

आज समापन भएको कार्यक्रमको मुख्य उद्देश्य एभियन इन्फ्लुएन्जासित सम्बन्धित सम्भावित जोखिमलाई ध्यानमा राख्दै पशु चिकित्सक तथा स्थलगत कर्मचारीहरूबीच तयारी र प्रतिक्रिया तन्त्र सुदृढ पार्नु रहेको थियो।

पशु चिकित्सक र Para भेटरिनेरियनहरू गरी चालीसजनाले सहभागिता जनाएको प्रशिक्षणमा संयुक्त निदेशक डाक्टर कुन्जाङ भोटियाले यसको प्रारम्भिक पहिचान, जैविक सुरक्षा उपाय, कुखुराको सुरक्षित व्यवस्थापन र सम्भावित प्रकोप रोकथाम साथै नियन्त्रण गर्न आवश्यक रिपोर्टिङ प्रणालीबारे सहभागीहरूलाई जानकारी गराउनुभयो।

--------------------------------------X--------------------------------------

- **Minister Samdup Lapcha**

मन्त्री सामडुप लेप्चाले चौंरी पालन तथा पशुपालन विकासमा सहयोग पुऱ्याएकोमा ICAR-अन्तर्गतका अनुसन्धान संस्थाहरूको प्रयासको सराहना गर्नुभएको छ। अरुणाचल प्रदेशको दिराङस्थित ICAR-राष्ट्रिय चौंरी अनुसन्धान केन्द्र तथा मेरठस्थित ICAR-केन्द्रिय गाई अनुसन्धान संस्थानले प्राविधिक मार्गदर्शन, अनुसन्धान र पहुँच कार्यक्रममार्फत मङ्गन जिल्लामा वैज्ञानिक पशुपालन अभ्यासलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताइएको छ।

ट्राइबल सब-प्लानअन्तर्गत यस जिल्लाका पशुपालकहरूलाई घाँस तथा पशु आहार उपलब्ध गराउन गरिएको सहयोगले किसान समुदायलाई लाभ पुगेको र उच्च हिमाली क्षेत्रका किसानहरूको जीविकोपार्जन सुदृढ बनाउन सहयोग पुगेको उल्लेख गरिएको छ।

--------------------------------------X--------------------------------------

- **Meeting on Mental Health Project**

सोरेङ जिल्लामा प्रस्तावित मानसिक स्वास्थ्य परियोजनासम्बन्धी प्रारम्भिक बैठक आज सोरेङको जिल्ला प्रशासनिक केन्द्रमा सम्पन्न भयो। जिल्लाधीश धीरज सुवेदीको अध्यक्षतामा आज सम्पन्न बैठकमा जिल्लास्तरमा परियोजना कार्यान्वयनको रूपरेखा, सञ्चालन योजना तथा समन्वय व्यवस्थाबारे विस्तृत छलफल गरियो। जिल्लाभरि मानसिक स्वास्थ्यबारे जनचेतना तथा परामर्श शिविर सञ्चालन, मानसिक रोगसम्बन्धी मामिलाको पहिचान र उपचार उपलब्ध गराउने विषयमा पनि बैठकमा चर्चा भयो।

केरलस्थित Mental Health Action Trust-का क्लिनिकल निदेशक डाक्टर मनोज कुमारले संस्थाको कार्यप्रणालीबारे जानकारी दिँदै जिल्लाका चार प्राथमिक स्वास्थ्य केन्द्रमा सप्ताहमा चार दिन नैदानिक मानसिक स्वास्थ्य सेवा सञ्चालन गर्ने प्रस्ताव राख्नुभयो।

बैठकमा जिल्लाधीश श्री सुबेदीले अनलाइन गेमिङको लत, लागूपदार्थको दुरुपयोग र पारिवारिक समस्याजस्ता मानसिक स्वास्थ्यसित सम्बन्धित चुनौतीहरूबारे जानकारी गराउँदै परियोजनामा पञ्चायतहरूको सक्रिय सहभागिता आवश्यक रहने बताउनुभयो। उहाँले परियोजना नीति आयोगको संरक्षणमा सञ्चालन हुने जानकारी पनि दिनुभयो।

--------------------------------------X--------------------------------------

- **Media delegation visits ICAR**

सिक्किमको छह दिने भ्रमणमा रहेको मेघालयको पत्रकार टोलीले आज पाकिम जिल्लास्थित ICAR-राष्ट्रिय सुनाखरी अनुसन्धान केन्द्रको भ्रमण गऱ्यो। पत्र सूचना ब्यूरो गान्तोकका अधिकारीहरूको नेतृत्वमा रहेको टोलीले भारतीय सुनाखरी उत्सवमा सहभागी बन्दै यस क्षेत्रको समृद्ध सुनाखरी विविधता र बढ्दो पुष्पखेतीबारे जानकारी लिए।

पत्रकारहरूले सुनाखरीको संरक्षण, अनुसन्धान र विकासको दिशामा चालू कार्यबारे जानकारी लिने उद्देश्यले अनुसन्धान केन्द्रमा वैज्ञानिक र अधिकारीहरूसित अन्तरक्रिया पनि गरे।

--------------------------------------X--------------------------------------

- **Workshop**

सिक्किममा ज्येष्ठ नागरिकहरूको हेरचाह तथा ग्रामीण स्वास्थ्य पूर्वाधारलाई सुदृढ बनाउने दिशामा महत्त्वपूर्ण पहलको रूपमा गोजिङ जिल्लाको देन्तामस्थित सरकारी जीविकोपार्जन विद्यालयमा आजदेखि उन्नत Geriatric Caregiver स्वास्थ्य निगरानी तथा गृह हेरचाह प्रविधि कार्यशाला शुरू भयो।

सह्ताहव्यापी विशेष कार्यशाला अटल वय अभ्युदय योजना 2023-2024-अन्तर्गत जेरियाट्रिक Caregiver कोर्शका पूर्व प्रशिक्षार्थीहरूको व्यावसायिक उन्नतिका लागि समर्पित छ। माङ्गो-बेघाका जिल्ला सदस्य दिनेश गुरुङको प्रमुख आतिथ्यमा सम्पन्न कार्यशालामार्फत स्थानीय Caregiver-हरूलाई आधुनिक स्वास्थ्य निगरानी प्रविधिसम्बन्धी सीप प्रदान गरिनेछ, जसकारण सिक्किमका ज्येष्ठ नागरिकहरूले घरैमा बसेर गुणस्तरीय स्वास्थ्य सेवाको लाभ लिनसकुन्।

---------------------------------------X---------------------------------------

- **Cooperative Farming initiative-Pakyong**

सिक्किम सरकारको सहकारिता विभागले पाकिम जिल्लाको रिनाक निर्वाचन क्षेत्रअन्तर्गत कमेरेमा सहकारी खेती पहल शुरू गरेको छ। कृषि, बागवानी, पशुपालन तथा ग्रामीण विकास विभागसितको सहकार्यमा सञ्चालन गरिएको यस परियोजनाको उद्देश्य बाँझो जमीनलाई पुनः खेतीयोग्य बनाउनु र "पञ्च महाभूत" अन्तर्गतको Connect to Earth सिद्धान्तलाई प्रवर्द्धन गर्नु रहेको छ।

---------------------------------------X---------------------------------------